नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## संस्कृति महाशाखा

## लेख रचना उपलब्ध गराउने बारेको सूचना

**प्रथम पटक गोरखापत्रमा प्रकाशित सूचना मिति २०८०/०७/२२**

यस मन्त्रालयको संस्कृति प्रवर्द्धन कार्यक्रम अन्तर्गत चालु आ.ब. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रममा अभौतिक संस्कृति जर्नल प्रकाशित गर्ने कार्यक्रम रहेको छ। नेपालभित्र रहेका सम्पूर्ण जातजाति तथा समुदायहरुको अभौतिक साँस्कृतिक सम्पदाका पाँचवटा विधाहरुः-अभौतिक साँस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धी २००३ अनुसार (क) भाषा सहितका मौखिक परम्पराहरु तथा अभिव्यक्तिहरु, (ख) अभिनयकलाहरु, (ग) सामाजिक व्यवहार अनुष्ठानहरु तथा चाडपर्वका उत्सवहरु, (घ) प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरु (ङ) परम्परागत कलाकौशलता सम्बन्धी अनुसन्धनात्मक लेख, रचनाहरु इमेल joshi92.sabita@gmail.com वा soft copy यस मन्त्रालयको संस्कृति महाशाखामा सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र उपलब्ध गराईदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।थप जानकारी मन्त्रालयको सम्पर्क नं. ०१-४२११५९६ र ०१-४२११९०९ वाट प्राप्त गर्न सकिनेछ।

**<u>लेख/रचनाको छनौटका आधार:</u>**

क. नेपाल भित्र रहेका कुनै पनि जाति समुदायसँग सम्बन्धित अभौतिक सांस्कृतिक सम्पदा सम्बन्धी लेख हुनुपर्नेछ।

ख. लेख रचना अन्य कुनै पनि माध्यमबाट यस अघि प्रकाशित नभएको हुनुपर्नेछ। प्रकाशनको लागि पठाइएको लेख रचनाहरु अन्यत्र प्रकाशन गर्नु परेमा प्रकाशकको पूर्व स्वीकृति लिनुपर्नेछ ।

ग. मौलिक, खोजमूलक, विचारप्रधान तथा अनुसन्धानमूलक विषय समावेश भएका लेख रचनालाई प्राथमिकता दिइने छ।

घ. भाषा/शैली शुद्ध र उत्कृष्ट हुनुपर्नेछ। अंग्रेजी वा नेपालीमा लेख रचना लेख्न सकिनेछ।

ङ. नेपाली लेख प्रिति फन्ट १६ मा ३००० देखि ५००० शब्दमा हुनुपर्नेछ र अंग्रेजी लेख Times new Roman को फन्ट १४ मा ३००० देखि ५००० शब्दमा हुनुपर्नेछ।

च. लेख रचना उपलब्ध गराउँदा लेखसँग सम्बन्धित तस्विरहरु समेत संलग्न हुनुपर्नेछ ।

छ. लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छनः- (क) लेखको शुरुमा लेख सार (ख) मुख्य लेख/विषयवस्तु (ग) अन्त्यमा निष्कर्ष, र (घ) सन्दर्भ सामग्री (American Psychological Association (APA) Format मा।

ज. लेखकको परिचय सहित पासपोर्ट साइजको फोटो एकप्रति, इमेल ठेगाना र मोबाइल नम्बर समेत उपलब्ध गराउँनुपर्नेछ।

झ. जर्नलमा प्रकाशनार्थ प्राप्त लेख रचनाहरु स्वीकार गर्ने वा नगर्ने अधिकार सम्पादक मण्डलमा रहनेछ साथै उल्लेखित विवरण अनुसारको आधार पूरा नगरी आएका लेखहरु प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन।